# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बाणगङ्गा, कपिलवस्तु
## लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या:०८२।८३
चलानी नं.:

**व्यवसायिक पशुपन्छी फर्महरु सुधार/मागमा आधारित पशुपन्छी फर्महरुमा साना यान्त्रिकरण कार्यक्रममा अनुदानको लागी दाश्रो पटक प्रस्ताव आव्हानको म्याद थप सम्बन्धी सूचना**

**दोश्रो पटक प्रकाशित मिति २०८२/०६/०५**

यस बाणगङ्गा नगरपालिका, पशु सेवा शाखा, बाणगङ्गा, कपिलबस्तुको आ.ब. २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशीलको कार्यक्रमहरु ५० प्रतिशत लागत साझेदारीमा कार्य गर्न ईच्छुक **कृषक, निजी उद्यमी, कृषक समुह/समिति, सहकारी, व्यवसायिक फार्महरु** ले सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुनको लागी मिति २०८२/०५/२२ गते सूचना प्रकाशित गरिएकोमा **देशको असहज परिस्थिति तथा बिभिन्न बिदाहरुको कारणले** सेवाग्राहीहरुले फर्म भर्ना नपाएको हुदाँ **मिति २०८२/०६/०६ गते देखि लागु हुने गरी मिति २०८२/०६/१२ गते सम्म पुन** : प्रस्ताव दर्ता गर्ने **म्याद थप** गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समाबेश नहुने ब्यहोरा समेत जानकारी गराईन्छ।

तपशील :

| सि.नं. | कार्यक्रम | कुल अनुदान रकम रु.हजारमा | न्यूनत्तम मापदण्ड | कार्यक्रम संचालन हुने स्थान |
|---|---|---|---|---|
| | **लागत साझेदारीमा व्यवसायीक पशुपालन फर्महरुको सुधारको लागी अनुदान कार्यकम** | | | |
| १ | ५० प्रतिशत अनुदानमा गाई/भैसी/बाखा/बंगुर/कुखुरा तथा मत्स्य फार्म सुधार | ५०० | व्यक्ति वा फर्ममा निम्न अनुसारको पशुबस्तु भएको हुनुपर्ने छ।<br>१. दुहुना वा ठुलो गाईभैसी - ५ वटा<br>२. बाखा संख्या - २५ वटा (ठुलो- १० र पाठापाठी - १५)<br>३. बंगुर संख्या - २५ वटा (ठुलो- १० र पाठापाठी - १५)<br>४.कुखुरा संख्या - २००<br>५. मत्स्य पोखरी - ५ कट्ठामा | बा.न.पा. क्षेत्र भित्र |
| २ | ५० प्रतिशत अनुदानमा पशुपन्छी फर्महरुमा प्रयोग हुने साना यान्त्रिकरण सामाग्रीहरु खरीद (बिद्युत्तिय च्यापकटर) | १५० | | |

**व्यवसायिक कार्य योजना पेश गर्दा संलग्न हुनु पर्ने कागजातहरु :**

१. नेपाली नागरिकताको प्रतिलिपी
२. अनुसूची – २ अनुसारको ढांचामा निबेदन फारम
३. अनुसूची – ४ अनुसार संक्षिप्त व्यवसायिक कार्य योजना
४. तालिम, शैक्षिक योग्यताका प्रमाण पत्रका प्रतिलिपीहरु
५. निजी फार्म/समुह/समिति/सहकारी प्रचलित कानून बमोजिम दर्ता/नबीकरण प्रमाणपत्रको प्रतिलिपि
६. स्थायी लेखा नम्बर/भ्याटमा दर्ता भएको प्रमाणपत्र तथा आ.ब.०८१/८२ को कर चुक्ता प्रमाणको प्रतिलिपी
७. अनुसूची – ५ अनुसार परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता पत्र
८. समुह/समिति/सहकारीको हकमा संस्थाका सदस्यहरुको परियोजना प्रस्ताव पेश गर्ने निर्णयको प्रतिलिपि
९. निर्माण कार्यको हकमा प्रस्ताव अनुसारको डिजाइन तथा लागत अनुमान
१०. जग्गाको लालपुर्जाको प्रतिलिपी वा भाडाको जग्गाको हकमा भए ५ बर्षको सम्झौता को प्रतिलिपि

नोट :

- आवश्यक फर्मेटहरु **Website : bangangamun @ gov.np** बाट समेत **download** गर्न सकिनेछ।
- प्रस्ताव दर्ता एवं थप जानकारीको लागी बाणगङ्गा नगरपालिका पशु सेवा शाखा, बाणगङ्गा,कपिलबस्तुमा सम्पर्क राख्न सकिनेछ। सम्पर्क नं. ९८५७०५४७५६

राज कुमार तिवारी
निमित्त प्रमुख
प्रशासकीय अधिकृत